

## पुस्तक समीक्षा (Book Review)




गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन
(राणा कांग्रेस सरकारदेखि पहिलो जननिर्वाचित सरकारसम्म )

**डा. विजयप्रसाद मिश्र***

### पृष्ठभूमि :

नेपालका पहिलो पुस्ताका इतिहासकारहरू राजामहाराजाको इतिहास लेख्नमा केन्द्रित थिए । इतिहास भनेको राजामहाराजाहरूको इतिहास मात्र होइन । ती राजा महाराजा वा श्री ३ सरकारका विरुद्धमा संघर्ष गर्नेहरूको इतिहास पनि इतिहास हो । नेपाल बुझ्नका लागि राजामहाराजाको प्रसस्ती गाउनेमार्काको इतिहासमात्र बुझ्न पाउँदा अधुरो, अपुरो र बास्तविकता नजिक नपुगेको सन्देश आम पाठकमा जान सक्छ । त्यसैले राजा महाराजा मात्र होइन, उनीहरूको शासन प्रक्रिया विरुद्ध जीवनभर संघर्ष गरेका नागरिक र राजनीतिक पार्टीका नेतृत्वकर्ताहरूको समेत इतिहास लेखिनु पर्दछ । नेपालको क्षेत्रीय इतिहासहरू पनि लेखिनु पर्दछ । समग्रमा

* सहप्राध्यापक, इतिहास तथा बौद्ध अध्ययन विभाग, पाटन बहुमुखी क्याम्पस, पाटनढोका ।

भन्दा राष्ट्रिय इतिहास लेखिनु पर्दछ। नेपालका इतिहासविद्हरूले वि.सं. २०२६ सालमा राष्ट्रिय इतिहास लेख्न बनाएको समितिले पनि आफ्नो काम गर्न सकेको थिएन। अहिलेसम्म नेपाल सरकारको तर्फबाट राष्ट्रिय इतिहास लेखनको काम पुरा गर्न सकेको छैन वा सरकारले यसतर्फ कदम नै चालेको छैन्। बाइसी, चौबिसी, पूर्वका सेन, उपत्यकाका मल्लहरूको मात्र होइन त्यसअघिको इतिहासको खोजीगरी सिंगो नेपालको सम्पूर्ण जानकारीसहितको राष्ट्रिय इतिहास लेखिएको छैन। देशको लागि जीवन बलिदान गर्ने बीर योद्धाहरू, समाजसेवीहरूका इतिहासले पनि राष्ट्रिय इतिहासमा ईंट थप्ने काम गर्दछन्। सामाजिक संघसंगठनहरू, अनुसन्धानका केही कार्यक्रमहरू र नीजि स्तरमा इतिहासकारहरूले हिजो आज यस्ता विषयहरूमा कलम चलाउन थालेको देखिन्छ तर पनि राष्ट्रिय इतिहासलाई पूर्णता दिन यी कामहरूले मात्र पुग्दैन। इतिहास लेखिनु पर्ने विभिन्न व्यक्तित्वहरू मध्ये लौहपुरुष गणेशमान सिंह पनि हुन्। जसका बारेमा इतिहासकार डा. बद्रि नारायण गौतमले शुरुमा गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन (वि.सं. १९७२ देखि २००७ साल सम्म) लेखि सकेर सिंहकैबारेमा दोस्रो पुस्तकका रूपमा गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन (राणा कांग्रेस सरकारदेखि पहिलो जननिर्वाचित सरकारसम्म) नामक पुस्तक लेख्नु भएको छ। पुस्तकको प्रकाशन शिखा बुक्सले गरेको छ। लेखक स्वयं नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि.वि., कीर्तिपुरमा कार्यरत रहनु भएकाले दैनिक रूपमै अनुसन्धानमा संलग्न व्यक्तिले लेख्नुभएको यस पुस्तकले राष्ट्रिय इतिहासलाई पूर्णता दिन केही मात्रामा भएपनि सहयोग गरेको छ।

शाहकाल, राणाकाल र पुनः शाह कालमा इतिहासकारले सत्ता र शक्तिको प्रशस्ती गाइदिनाले राष्ट्रिय इतिहास लेखनको अवधारणा ओझेलमा परेको थियो। वंशावलीमा आधारित नेपाली इतिहासमा अनुसन्धानको पाटो झारो टार्ने प्रवृत्तिको नै छ। इतिहासको व्याख्या गैरसरकारी संस्था र मानवअधिकारवादीले गर्ने चलन सुरु भएकोले नेपाली इतिहास लेखनलाई कुन मोडमा पुऱ्याइने हो भन्ने चिन्ता परिरहेको बेला त्रिभुवन विश्वविद्यालयका इतिहास विषयका सहप्रध्यापक तथा सिनासमा रहेर इतिहासको अनुसन्धानमा सक्रिय रहनु भएका व्यक्तित्व लेखक गौतमले प्रजापरिषदबाट राजनीति शुरु गर्नु भई नेपाली कांग्रेसको सर्वोच्च नेता हुन पुग्नु भएका व्यक्तित्व तथा २०४६ सालको जनआन्दोलनका सर्बोच्च कमाण्डर, गणेशमान सिंहको जीवनमा आधारित दोस्रो पुस्तकको रूपमा २००७ सालदेखि पहिलो जननिर्वाचित सरकारको अवधिसम्मको पुस्तक आउनुले लेखकले त्यसपछिको गणेशमान सिंहको बाँकी जीवनमा आधारित रहेर थप पुस्तकहरू विभिन्न खण्डमा लेख्ने जमर्को गर्नु भएको अनुमान सहजै लगाउन सकिन्छ।

इतिहास प्रमाणमा आधारित हुनु पर्दछ। देशभित्र हुने गरेको विभिन्न राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक तथा अन्य विभिन्न घटनाक्रमलाई हामीले विभिन्न विषयबस्तुमा ढालेर इतिहास तयार गर्दछौं। कुनैपनि देशको इतिहास जति बढी अनुसन्धान गरेर प्रकाशन वा प्रसारण गरियो वा विश्वमा त्यसको प्रचार प्रसार गरियो भने त्यो देशको राष्ट्रियता त्यति नै स्तरियातामा बलियो हुन्छ।

मुलुकमा राजनीतिक अधिकार स्थापित गर्न, रैतीलाई नागरिक बनाउन धेरै व्यक्तिले जीवन अर्पण गरेको घटनाहरू यत्रतत्र छरपस्ट छ । ती सूचनाहरूलाई प्राज्ञिक रूपमा संकलन गर्ने र पुस्तकको रूपमा ढाल्ने काम इतिहास लेखकहरूले गर्दै आउनु भएको छ । देशको हीतका लागि जीवन समर्पण गर्ने धेरै व्यक्तिहरू हुनुहुन्छ । उहाँहरूको साहसिक यात्रा, बलिदान, त्याग, संघर्ष, दुःख, खुसी, आँट, नेतृत्व गर्दाका गतिविधिहरू, नागरिकका लागि सन्देश, शोषक, नागरिक दमन गर्नेहरू विरुद्ध बोलेका अमृतबचनहरू पछिल्लो पुस्ताका लागि प्रेरणादायक हुन्छन् । गणेशमान सिंहका पनि त्यस्ता धेरै घटना र प्रसंगहरू छन् जसले नेपाल र नेपालीलाई प्रेरणा दिने गर्दछ । ती कुराहरूलाई समेटेर सिंहलाई केन्द्रविन्दूमा राखेर २००७ सालदेखि पहिलो जननिर्वाचित सरकारको अवधिसम्मको अन्य इतिहासलाई पनि सप्रसंग व्याख्या विश्लेषण गरेर त्यस बखतको गणेशमान सिंहको जीवनमा आधारित मात्र नभई महत्त्वपूर्ण राजनीतिक घटनाहरूलाई पनि संगसंगै व्याख्या गरिएकोले नेपाललाई अहिलेको अवस्थासम्म ल्याउनका लागि गणेशमान सिंहको योगदान बारे बुझ्न यो पुस्तकले प्रसस्त सहयोग गर्दछ ।

राजतन्त्रको अन्त्यपछि पनि राष्ट्रिय इतिहासको लेखनको सुरुवात नहुनु दुःखद विषय भएको छ । लेखिएका इतिहासमा पनि त्रुटि छन् । त्यसको आधिकारिताको लागि पनि मूल धारणा दिने काम इतिहासविद्को साझा चौतारीले दिनुपर्छ । प्राज्ञ नयराज पन्तले वि.सं. २००९ सालमा इतिहास सशोधन मंडलमार्फत् केही त्रुटि सच्याउने प्रयास गरेपनि खासै उपलब्धि हुन सकेको छैन ।

विभिन्न विश्वविद्यालयमा प्राध्यापनरत प्राध्यापकहरूलाई सेवा अवधिका केही वर्ष पूरै अनुसन्धानमा लगाउनु पर्ने हो । अनुसन्धानमा ध्यान नदिइएकै कारण इतिहासका अधिकांश पुस्तक विभिन्न स्रोतबाट तानतुन पारेर प्रकाशन गरिएको छ । यसमा विश्वविद्यालय र सरकार संवेदनशील हुनुपर्नेमा त्यो गरेको पाइदैन । केही प्राध्यापकहरूले आफ्नो नीजि इच्छामा प्राध्यापनबाट बाँकी रहेको समयलाई सदुपयोग गर्दै इतिहास लेखन गरिरहनु भएको छ । तिनीहरू मध्ये एक लेखक डा. गौतम हुनुहुन्छ ।

इतिहास नागरिकलाई केन्द्रविन्दूमा राखेर लेखिनु पर्छभन्ने मान्यतालाई यो पुस्तकले बढावा दिएको छ। इतिहास लेखनमा भएका कमजोरीलाई सच्याउने काम आधिकारिकरूपमा गर्नुपर्छ । राजनीतिक पार्टी भित्रको गुटबन्दी र नेतृत्व गर्ने नेताहरू मध्ये शक्तिमा पुगेकाले अर्का नेताको विरुद्ध षडयन्त्र गर्ने र आफ्नो पक्षका लाई अर्कोले गरेको साहसिक कामलाई पनि आफ्नो पक्षमा वा आफूले गरेको भनेर लेख्न लगाउने कामहरू समेत हुदै आएको सन्दर्भमा नेपालको राजनीतिक पार्टीहरू र त्यसका नेताहरूको इतिहास लेख्दा पार्टीभित्रका आन्तरिक विवादले कतिपय सही तथ्यहरू तोडमोड भएर आउने सम्भावनाहरू हुन्छ । तसर्थ यस्ता व्यक्तित्वहरूको इतिहास लेख्दा लेखकले कुन अन्तर्वार्ता दिने, सूचना दिने व्यक्ति कुन लवीका हुन र उनले कस्ता सूचनाहरू दिन सक्छन् ? त्यस्ता व्यक्तिहरूसंग कसरी सचेत भएर सूचनाहरू सङ्कलन गर्ने भन्ने कुरामा संवेदनशील हुन आवश्यक हुन्छ। राजनीतिकर्मीले बिनाप्रमाण कल्पनाका भरमा गरेका व्याख्यालाई इतिहासविद्हरूले मौन समर्थन गर्ने हो भने त्यो भविष्य र राष्ट्रप्रति बेइमानी साबित हुन्छ । गणेशमान सिंहका बारेमा धेरै लेख, पुस्तकहरू अन्य लेखकहरूले समेत लेखिसकेको अवस्था र स्वय गणेशमान सिंहले नै अन्तर्वार्ता दिएर उहाँको सिंगो जीवनीनै छापिएको

अवस्थामा लेखक डा. गौतमले पहिले प्रकाशित भएका सूचनाहरूमा छुटेका तथा तत्कालिन घटनाक्रमहरूलाई तुलना गर्दै आफ्नो नजरले गणेशमान सिंहको व्यक्तित्वको विश्लेषण गरेर जुन किसिमले पुस्तकमा प्रस्तुत गरिएको छ त्यसले प्राज्ञिकता झल्किएको आभाष पाइन्छ ।

**शीर्षक चयन :**

लेखकले पुस्तकको नाम 'गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन (राणा कांग्रेस सरकारदेखि पहिलो जननिर्वाचित सरकारसम्म)' राख्नु भएको छ । पुस्तकमा राखिएका विषयसूचीहरू र त्यसभित्र गरिएको व्याख्या, विश्लेषण र प्रजातान्त्रिक आन्दोलनका विभिन्न तहमा भएका गतिविधिहरू समावेश भएकोले शीर्षकमा गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन दुबै सन्दर्भ समावेश गरेको देखिन्छ । साथै पुस्तकले कुनै खास अवधिको मात्र व्याख्या गरेकोले शीर्षकमा त्यो अवधि समेत उल्लेख गरिएको देखिन्छ ।

कुनैपनि व्यक्तिको सार्वजनिक जीवन र व्यक्तिगत जीवन हुन्छन् । पुस्तकमा गणेशमान सिंहको व्यक्तिगत जीवनलाई भन्दा सार्वजनिक जीवनलाई महत्त्व दिएर व्याख्या विश्लेषण गरिएकोले पुस्तकको शीर्षकमा गणेशमान सिंहका साथसाथै नेपालको प्रजातान्त्रिक आन्दोलन पनि थप्नु परेको हो भन्ने देखिन्छ । शीर्षकबाटै यो पुस्तकमा गणेशमान सिंहले नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्त्वपूर्ण योगदान गर्नु भएको छ र आन्दोलनमा गरेका सार्वजनिक क्रियाकलापहरूलाई बढी ससन्दर्भ उल्लेख गरिएकोले पुस्तकको नाम यसरी राख्नु परेको हो भन्ने देखिन्छ ।

देशमा प्रजातन्त्रका लागि योदगान गर्नेहरूले सार्वजनिक जीवनमा गरेका महत्त्वपूर्ण घटनाहरूलाई पछिल्लो पुस्ताका मानिसहरूको मस्तिष्कमा ताजा बनाइराख्न सहयोग पुगोस र प्रजातन्त्रका लागि सबै नागरिक अग्रसर हुने बातावरण कायम भइराखोस भन्ने अभिप्रायले पनि पुस्तकको नाममै नेपालको प्रजातान्त्रिक आन्दोलन भन्ने शब्द राखिएको हो कि भन्ने पनि अनुमान लगाउन सकिन्छ । साथै गणेशमान सिंहले २००७ सालको आन्दोलन देखि पहिलो जननिर्वाचित सरकारको अवधिसम्मको मात्र व्याख्या गरिएकोले उक्त मितिलाई यो पुस्तकको शीर्षकमै उल्लेख गरिएको छ । शीर्षक पढ्दा पुस्तक के बारेमा ? कति अवधिको भन्ने झल्केको छ । शीर्षकले नै पाठकहरूले पुस्तक भित्र के के होलान भन्ने पूर्व अनुमान लगाउन सक्ने स्थिति पनि देखिन्छ । साथै पुस्तकको नाम अनुसार विषयहरूलाई व्याख्या गर्न तयार गरिएको विषयसूची र त्यस भित्रका उपशीर्षकहरूको सिलसिलेवार हेर्दा पुस्तकको नाम सरल, सबैले बुझ्ने, गणेशमान सिंह र प्रजातान्त्रिक आन्दोलनको कुनै तोकिएको अवधिको तुलनात्मक अध्ययन गरिएको छ भन्ने सन्देश दिने छ ।

अर्को महत्त्वपूर्ण कुरा भनेको पुस्तकको नाममै समय अवधि तोकिएकोले यो पुस्तकको नाम मात्र पढ्नेहरूको मनमा यस अघि गणेशमान सिंहको जन्मदेखि २००७ सम्मको अर्को पुस्तक लेखिसकेको र अबका दिनमा वा यो पुस्तक पछि पनि गणेशमान सिंहका बारेमा विभिन्न वाँकी अवधिका विभिन्न भागमा लेखकले पुस्तक लेख्न जमर्को गरेको हुनसक्ने अनुमान सहजै लगाउन सकिन्छ । तसर्थ पुस्तकको नाम वा शीर्षक यथार्थपरक छ ।

**अध्याय विभाजन :**

सेतो दौरा सुरुवाल, कालो कोट, भादगाउँले कालो टोपी लगाएर उभिएरै कतै गौर गरेर हेरिरहेको लौह पुरुष गणेशमान सिंहको घुँडासम्मको आकृति देखिने पुस्तक लेखन गरिएकै अवधिको अर्थात यूवा अवस्थाको तस्वीर अंकित पुस्तकको आवरण पृष्ठको व्याकग्राउण्डमा नेपाली कांग्रेसको चारतारे झण्डा राखिएको छ । पछाडीको आवरण पृष्ठमा लेखकको परिचय खुल्ने जानकारी तथा लेखकले अहिलेसम्म लेखेका पुस्तकहरू र प्रकाशोन्मूख कृतिहरूको नाम सहित उल्लेख गरिएको छ । यसले लेखकको लेखनबाट थप इतिहास उजागर हुने र पाठकहरूले नेपालको बारेमा लुकेर बसेका थप सूचनाहरू उहाँको पुस्तकका माध्यमबाट थाहा पाउने पक्का पक्की छ ।

पुस्तकको कभर र प्रारम्भिक खण्डमा आफ्नो कुरा र विषयसूची राखिएको छ । अन्य केही पुस्तकहरूमा कसैबाट भूमिका लेखाउने काम गरिएको समेत पाइन्छ । तर यस पुस्तकमा भूमिका लेखाइएको छैन । यसबाहेक विषयसूची अन्तर्गत २४१ पेजमा पाँच अध्यायमा विभाजन गरिएको छ । अन्त्यमा सन्दर्भ सामग्रीहरू समेटिएको छ ।

अध्याय एक पृष्ठ १ देखि ५७ सम्ममा प्रजातान्त्रिक नेपालको प्रारम्भ/शिलान्यास शीर्षकमा २००७ सालको क्रान्ति सफल भएपछिको अवस्थाका बारेमा बर्णन गर्न १० वटा उपशीर्षक र उपशीर्षक ८ को ३ बटा सहशीर्षकहरूमा व्याख्या विश्लेषण गरिएको छ । मूख्य रूपमा अध्याय एकमा रिहाई पछिको प्रारम्भिक गतिशिलिता, सिंहको अग्रसरतामा राजासंगै नेताहरूको भव्य स्वागत, मन्त्री बन्ने निर्णयगर्दा सम्मका क्षणहरू, प्रजातन्त्रको घोषणासंगै गरिएको सपथग्रहणदेखि संयुक्त मन्त्रिमण्डल, उद्योग बाणिज्य मन्त्रीका रूपमा जनताको मूल्याङ्कन, डा. के आई सिंहको विद्रोह, गोरखादलको विद्रोह र गृहमन्त्रीको हत्याको प्रयास र संयुक्त मन्त्रिमण्डलको पतनसम्मलाई यसमा समावेश गरिएको छ ।

त्यसैगरी अध्याय दुई पृष्ठ ५८ देखि १०६ सम्ममा समेटिएको छ । राजनीतिक अस्थिरताका बर्षहरूको रूपमा यस अध्यायमा सातबटा उपशीर्षकहरू राखेर व्याख्या विश्लेषण गरिएको छ । यस अध्याय भित्र मातृका प्रसाद कोइरालाको सरकार गठन र गणेशमान सिंहदेखि रक्षादल र गणेशमान सिंह, नेपाली कांग्रेस भित्र उत्पन्न विवाद, नेपाली कांग्रेसमा फुट, बिशालनगर महासमिति बैठक, भूमिसुधारका लागि गरेको प्रयास र जनताको घरदैलो कार्यक्रमहरूका बारेमा उल्लेख गरिएको छ ।

अध्याय तीनमा फेरी सङ्घर्षको बाटोमा शीर्षकमा १० बटा उपशीर्षकहरू राखिएर पृष्ठ १०७ देखि १६७ सम्म व्याख्या विश्लेषण गरिएको छ । यस भित्र मूख्य रूपमा राजतन्त्र विरोधी गतिविधि, जागरण यात्रा, एकात्मक संघर्षको प्रयास, सत्याग्रह आन्दोलन २०११, बीरगञ्ज महाधिवेशन र सभापतिको उम्मेदवारी, समाजवाद तर्फको यात्रा,संविधानसभाका लागि संचालित अभियान, भद्रअवज्ञा आन्दोलन २०१४ र संसदको लागि आम चुनाव हुने टुङ्गो लगायतका विषयहरूलाई समावेश गरी व्याख्या विश्लेषण गरिएको छ । पेज नं. १६८ देखि २२५ सम्म रहेको अध्याय चारमा आम निर्वाचन २०१५ र निर्वाचित सरकारको गठन शीर्षकमा १० वटा उपशीर्षकहरूमा

व्याख्या विश्लेषण गरिएको छ । जसमा संविधान निर्माण, चुनावी सरकार गठन, आम निर्वाचनको घोषणा पछि राजाले लिएको नीति, चुनावको लागि नेपाली कांग्रेसले गरेको तयारी र उम्मेदवार चयन, नेपाली कांग्रेसको प्रचारप्रसार, आम निर्वाचनको परिणाम र नेपाली कांग्रेसको सरकार गठनसम्मका विषयहरूलाई समावेश गरेको पाइन्छ । विभिन्न उपशीर्षकमा बर्णन गर्दा पाठकलाई कुनै एक विषयमा छोटो जानकारी लिनका लागि समेत एकै पटक उक्त उपशीर्षकमा गएर प्राप्त गर्न सकिने भएकोले पुस्तकको अध्याय विभाजन र उपशीर्षकहरूको चयनले पुस्तकलाई झन झन सरल र जानकारी मूलक बनाएको छ । अन्त्यमा अध्याय पाँच पृष्ठ २२६ देखि २३३ सम्ममा निष्कर्ष अर्थात उपसंहार दिइएको छ । साथै सन्दर्भ सामग्रीहरू पेज नं.२३४ देखि २४१ सम्म लामो रूपमा दिइनुले लेखकले स्रोत सामग्री संकलन गर्न विभिन्न दस्तावेजहरूको अध्ययन गर्न र विभिन्न व्यक्तिसंग अन्तर्वार्ता लिन प्रसस्त समय खर्चेको देखिन्छ । विभिन्न दस्तावेजहरूको तुलनात्मक अध्ययन र कुनै एउटै स्रोतमा भर नपरी उपलब्ध हुनसक्ने सबै स्रोतहरूको खोजी गरिनुले लेखकको यो पुस्तक लेखनमा अत्यन्त मिहिनेत परेको र सत्यको नजिक पुग्नलाई रणनीतिक रूपमै सबैखाले स्रोतको प्रयोग गरेको हो भन्ने आभाष दिएको छ ।

**लेखन क्षेत्रमा लेखकको परिश्रम :**

प्रस्तुत पुस्तकका लेखक डा. बद्रि नारयण गौतम हुनुहुन्छ । यस पुस्तकमा उहाँले ३८ जनासंग अन्तर्वार्ता, नौवटा चिठ्ठीपत्र, घोषणापत्र र सम्बोधनहरू, आफैले एम.ए. पढ्दा र विद्यावारिधि गर्दा तयार पारेका दुईबटा शोधग्रन्थहरू, ७८ वटा नेपाली पुस्तक,दुईवटा हिन्दी र १० वटा अंग्रेजी पुस्तकहरू, ३७ वटा लेखहरू, दुई अन्य स्मारिका, चारवटा पत्रपत्रिकाहरूको विभिन्न अङ्कहरू अध्ययन गरेर संकलन गरिएको सूचनाहरूलाई आफ्नो ढंगले विश्लेषण गरी विभिन्न उपशीर्षकहरूमा आवश्यकता अनुसार जानकारीहरू दिनु भएको छ । त्यसैले पनि पुस्तकमा लेखकले धेरै मिहिनेत गर्नु भएको छ । विशेष गरेर उहाँले एम.ए. इतिहास विषयको शोधपत्र लेख्दा होस या विद्यावारिधि गर्दा नेपाली कांग्रेस संग सम्बन्धित विषयहरू नै चयन गर्नु भएकोले यो पुस्तकका लागि थप सूचनाहरू पहिलेदेखि नै उहाँको आफ्नो पुस्तकालयमा, नोटकापीमा संकलन भएर बसिरहेका थिए ।

लेखकले यस अघि नै चारवटा पुस्तकहरू प्रकाशन गरिसक्नु भएको छ । केही पुस्तकहरू प्रकाशोन्मूख छन् । जर्नलहरूमा नियमित अनुसन्धानात्मक लेखहरू उहाँले लेखिरहनु भएको छ । यसले उहाँ लेखन क्षेत्रमा अभिरुची राख्ने, मूल रूपमा अनुन्धान गरिराख्ने र नयाँ नयाँ सूचनाहरू संकलन गरी ऐतिहासिक दस्तावेजहरूका आधारमा इतिहासमा भएका त्रुटीहरू सच्याउँदै सही व्याख्या विश्लेषण गर्ने काम उहाँबाट भएकोले एक साधक वा सिरियल लेखकका रूपमा उहाँलाई चित्रण गर्न सकिन्छ ।

लेखक गौतमले लामो समयदेखि खोजमूलक ढंगले विश्लेषणात्मक तबरले विभिन्न ऐतिहासिक विषयमा आधारित रहेर लेख रचना, पुस्तक र अनुसन्धानहरू गरिरहनु भएको छ । राजामहाराजाको स्तुतिगान गाउने ढाँचामा विगतमा लेखिने पुस्तकभन्दा फरक ढंगले आग्रहपूर्वाग्रह नराखी सत्यतथ्यको उजागर गर्ने गरी लेखकले यो पुस्तक लेख्नु भएको छ । इतिहासको मर्म अनुसार लेखनमा प्रमाणिकरण गर्ने कार्यमा कुनै कन्जुस्याइँ गर्नु

भएको छैन । साच्चिकै यो पुस्तक एउटा दक्ष इतिहासकारले आवश्यक सूचनाहरू संकलन गर्ने सबै प्रक्रिया पुरा गरेर लेख्नु भएको पाएको छु ।

## अनुसन्धान विधि :

इतिहासको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको सत्य घटनालाई विश्लेषणात्मक व्याख्या गर्न सक्नु हो । इतिहास पुष्टीगर्न प्रमाणहरूको आवश्यकता पर्दछ । ती प्रमाणहरू अवलोकन, अन्तर्वार्ता, दस्तावेजहरूको अध्ययनबाटै प्राप्त हुन्छ । लेखकले यस पुस्तकमा प्रयोग गर्नु भएको अनुसन्धान विधिलाई विश्लेषण गर्दा के पाइन्छ भने जुन अवधिको पुस्तक हो, उक्त अवधिका जीवित मानिसहरूसंग अन्तर्वार्ता गर्नु भएको, तत्कालिन अवस्थामा जारी गरिएका विज्ञप्ती, पत्रपत्रिकामा प्रकाशन भएका समाचारहरू, विभिन्न सरोकारवालाहरूले लेखेका लेखहरू, अनुसन्धानात्मक शोधकार्यहरू र तत्कालिन विषय समेटिएका विभिन्न नेपाली, अंग्रेजी र हिन्दी भाषाका पुस्तकहरूमा उल्लेख भएका सूचनाहरूलाई तुलना गर्दै सत्यको नजिक पुग्नका लागि विवादास्पद विषयहरूमा आरोप प्रत्यारोप भन्दा पनि दुबै पक्षको दावीहरूलाई समेटेर बास्तविकताको नजिक पुग्नका लागि सकभर प्रेसविज्ञप्ती, घोषणापत्र, निर्देशनहरूलाई आधार मान्ने त्यो पनि नहुँदा अन्तर्वार्ता, लेख र पुस्तकहरूमा उल्लेख भएका जानकारीहरू बीच विश्लेषण गरेर आफ्नो प्राज्ञिक दक्षताको प्रयोग गर्दै विश्लेषणहरू गर्ने काम लेखकले गर्नु भएकोले यो पुस्तक पूर्णतः अनुसन्धानात्मक विधिमा आधारित छ भन्न सकिन्छ । पुस्तकमा एम.एल.ए. विधि प्रयोग भएको छ । कतिपय अवस्थामा एम.एल.ए. विधिमा पनि नेपालको त्रिभुवन विश्वविद्यालयको इतिहास विभागले परिमार्जित गरेर प्रयोग गरेको अनुसन्धानका विधिहरूलाई समेत यसले अनुशरण गरेको पाइन्छ । पुस्तकले अनुसन्धानात्मक ढाँचालाई प्रक्रियागत ढंगले अनुशरण गरेको र अन्तर्वार्ता लिंदा विषयसंग प्रत्यक्ष संलग्न, घटनाहरूमा प्रत्यक्षदर्शीहरूलाई प्रमुखता दिएको पाइएको छ । समग्रमा ऐतिहासिक विश्लेषणमा आधारित रहेर सप्रसग व्याख्या विश्लेषण गर्दै आवश्यक परेको स्थानमा प्रमाणहरू उल्लेख गर्दै एउटा विशेषज्ञले लेखेजस्तो सबै प्रक्रिया पुरा गरेको सुगन्ध पुस्तकका प्रत्येक पेजहरूमा पाइन्छ ।

## विषयवस्तुको प्रस्तुतिकरण :

गणेशमान सिंह देशभित्र बसेरै आन्दोलन गरी निरङकुश राजतन्त्र फाल्नु पर्दछ भन्ने पक्षमा थिए । राणा विरोधी आन्दोलनमा पनि देश भित्रबाटै संगठित गर्नु पर्दछ भन्ने सोचका थिए । निडर, प्रजातन्त्र ल्याउनका लागि चट्टान जस्तै अडिग रहेका व्यक्तित्व नेपाली कांग्रेसका सर्वमान्य नेता सिंह निस्वार्थ भावले संघर्षमा लागेका एक लौह पुरुष थिए । २००७ सालको आन्दोलन पछि प्राप्त भएको प्रजातन्त्र ल्याउनमा अग्रणी भूमिका निर्वाह गरेका गणेशमान सिंहको रिहाई सबैभन्दा पछाडि भएको थियो । दिल्ली सम्झौतामा भारतका जवाहरलाल नेहरूले गलत गरेका र राणा र कांग्रेसको बरावरी संख्या राखेर मन्त्रिमण्डल बनाउन दिइएको दवावको खुलेर विरोध गर्नु भएकोले सत्य बोल्न नडराउने स्वभावका व्यक्तित्वका रूपमा सिंहलाई लिइन्छ ।

सिंहको अग्रसरतामा राजासंगै नेताहरूको भव्य स्वागत गरेको प्रसंग होस या प्रजातन्त्रको घोषणासंगै गरिएको सपथग्रहणदेखि संयुक्त मन्त्रिमण्डल गठन हुँदा त्यसमा उद्योग बाणिज्य मन्त्रीका रूपमा रहनु भएका गणेशमान सिंहका बारेमा विस्तृतमा उल्लेख गरेर उहाँको स्वभावहरू र निर्णयहरू बुझ्दा उहाँ साच्चिकै क्रुरता, अत्याचार, दमनका विरुद्ध, नागरिकको पक्षमा जहिले पनि लाग्ने व्यक्तिको रूपमा परिचित हुनुभएको छ। लेखकले पुस्तकमा डा. के आई सिंहको विद्रोह, गोरखादलको विद्रोह र बीपी कोइरालाले राणालाई हटाएर आफ्नो नेतृत्वमा सरकार बन्ने आशा राखेर गृहमन्त्रीबाट राजिनामा दिनु भएकाले र कांग्रेसले असहयोग गरेकोले संयुक्त मन्त्रिमण्डलको पतन कसरी भएको थियो भन्ने प्रसंगलाई सरल ढंगले व्याख्या गरेको छ । प्रजातन्त्र आए लगत्तै राजनीतिक पार्टी भित्रै विवाद देखिएको र यसले राजनीतिक अस्थिरता आएको बारेमा उल्लेख गर्नु भएको छ । राजनीतिमा कोइराला परिवार भित्र विवादको शुरुवात भएको र मातृकाप्रसाद कोइरालाको सरकार गठनका प्रसंगमा गणेशमान सिंहले विचारका बारेमा जानकारी गराउँदै नेपाली कांग्रेसमा फुट भएपछि एक तप्काले राजतन्त्र विरोधी गतिविधि गरेको जागरण यात्राको शुरुवात तथा वि.सं २०११ मा गरिएको सत्याग्रह आन्दोलन, बीरगञ्ज महाधिवेशनले लिएको बाटो, समाजवादका बारेमा नेपाली कांग्रेसले गरेको व्याख्या उल्लेख गर्दै त्यसवेला पनि संविधानसभाका लागि नेपाली कांग्रेसले नै अभियान संचालन गरेको विषयलाई पुस्तकमा चर्चा गरेर लेखक गौतमले राजा र कांग्रेसबीचको विवादले वि.सं. २०१४ मा भएको भद्रअवज्ञा आन्दोलन र त्यसपछि संसदीय निर्वाचनका लागि भएका सहमति र सो निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाई बहुमत ल्याएर बनाएको सरकारको प्रसंगका बारेमा सुक्ष्मरूपमा चिरफार गरिएको छ ।

प्रजातन्त्र ल्याउन अगुवाई गरेको नेपाली कांग्रेसबीच मै राजाका समर्थक र विरोधी दुई खेमा कसरी बन्यो ? यसले २००७ सालदेखि २०१५ सालसम्म कसरी सानासाना छोटो अबधिका सरकारहरू बने । राजाले राजनीतिमा कसरी हस्तक्षेप गरे । नेपाली राजनीतिमा राजसंस्था र भारतको स्वार्थहरू जुद्धा आएको राजनीतिक अस्थिरताको बारेमा उल्लेख गर्दै बीपी कोइरालालाई राजनीतिमा सफल हुनका लागि गणेशमान सिंहको भूमिका र नेपाली कांग्रेस प्रतिको सिंहको प्रेम, आस्था र संगठन विस्तारमा गर्नु भएको योगदानको बारेमा विस्तृतमा चर्चा परिचर्चा गरिएको छ ।

**निष्कर्ष :**

लेखक डा. बद्रिनारायण गौतमले नेपाली कांग्रेसले गरेका महत्त्वपूर्ण घटनाको रूपमा चिनिएको विमान अपहरण प्रकरणको छुट्टै पुस्तक लेखिसक्नु भएको छ । उहाँका कृतिहरू विशेषत : नेपाली कांग्रेसको ऐतिहासिक योगदानकै सेरोफेरोमा लेखिएको पाइन्छ। विद्यावारिधि पनि नेपाली कांग्रेसकै कुनै अवधिको ऐतिहासिक पाटोमा गर्नु भएकोले नेपाली कांग्रेसका नेताहरू मध्ये विपी कोइराला र गणेशमान सिंहको जीवनीमा आधारित धेरै लेख र पुस्तक प्रकाशन गरिसक्नु भएकोले उहाँको लेखाईमा निखारता छ। विश्लेषण सटिक र निर्भय खालको छ।

गणेशमान सिंहको जन्मदेखि २००७ सालको क्रान्तिसम्म समेटेर पहिले नै पुस्तक लेखिसक्नु भएकाले गौतमको यो पुस्तक त्यसैको निरन्तरता हो भन्न सकिन्छ । पुस्तकमा उल्लेख भएका रोचक घोचक प्रसंगले नेपाली

कांग्रेस भित्रको पद लोलुपता, राजामा रहेको अहंकार, भारतको स्वार्थहरू बुझ्न सजिलो भएको छ । नेपालको राजनीतिमा भारतीयहरूको स्वार्थ र नेताहरू विदेशीको इशारामा चल्नु पर्ने र नचल्दा पार्टी भित्रै हुने गुटबन्दि, परिवारिक झगडा र मन्त्रीमण्डलले चाहेर पनि काम गर्न नसक्ने परिस्थितिहरू कसरी उत्पत्ति हुन्छ भन्ने बुझ्न यो पुस्तक उपयोगी छ ।

पुस्तक पढी रहँदा यसपछि अब के के भए त ? भन्ने जिज्ञाषा पाठकमा जिज्ञासा पैदा गराउन सफल हुनु भएका लेखकले उपन्यासमा उठने खुल्दुली जस्तै ऐतिहासिक लेखनमा पनि खुल्दुली उब्जाउन सफल हुनु भएको छ र पाठक उहाँको गणेशमान सिंहकै जीवनमा आधारित थप अवधिको पुस्तक कहिले प्रकाशन हुन्छ भन्ने आशामा बस्न बाध्य पार्नु भएको छ । त्यसैले पुस्तक प्रशंसनीय र नेपालको अहिले भइरहेको राजनीतिक उतारचढावका बेला समेत उदाहरणका रूपमा उल्लेख गर्न मिल्ने धेरै प्रसङ्गहरू उपयोगी हुने देखिन्छ ।

पुस्तकमा लेखकले अन्य व्यक्तित्वलाई भूमिका लेख्न नलगाउनु, बीचबीचमा तस्वीरहरू नराख्नु, कतिपय अवस्थामा नेपाली कांग्रेसका नेताहरूको कमी कमजोरीलाई उजागर नगरी उनीहरूको व्यक्तिगत चरित्रलाई बचाउनका लागि केही भित्री प्रसंगहरूलाई नकोट्याउनु जस्ता विषयहरू भने यस पुस्तकमा खस्किएको पाटोको रूपमा लिएको छु । समग्रमा पुस्तकले अनुसन्धानका विधि प्रयोग गर्न कुनै कसर नछोडेको र राजनीतिक गतिविधिको विश्लेषण उत्कृष्ट भएकोले पुस्तक असाध्य उपयोगी र उत्कृष्ट छ । लेखकलाई गणेशमान सिंहका अन्य नउघारिएका पाटाहरूका बारेमा थप कृतिहरू लेख्न समय र परिवेशले सहयोग गरोस भन्ने शुभकामना ।

गौतम, बद्रिनारायण (२०७७), गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन (राणा कांग्रेस सरकारदेखि पहिलो जननिर्वाचित सरकारसम्म), काठमाडौं : शिखा बुक्स (पृष्ठ : २४१+६+२ , मूल्य ४९५।- व्यक्तिगत, ९५० संस्थागत, (१० $)